# लघुउद्यम विकासका लागि सुधारिएको पानीघट्ट सहित ग्रामीण स्तरमा सामुदायिक विद्युतीकरण कार्यक्रम



कार्यान्वयन : CRT/N

सहयोग तथा समन्वय : SNV/GIZ-EnDev/AEPC

## कार्यक्रमको परिचय

जलस्रोतको उपयोग सम्बन्धि विगतमा भएका विभिन्न अध्ययनले नेपालमा विद्यामान करिब ६००० साना ठूला नदी नालाबाट ८३ हजार मेगावाट क्षमता बराबरको विद्युत शक्ति उत्पादन गर्न सकिने देखाएको छ । देशमा यति धेरै विद्युत उत्पादन गर्न सकिने सम्भावना रहदाँ रहदै पनि पूजिगत स्रोतको कमी लगायतका अन्य विविध कारणबाट त्यस्ता नदीनालाको पानी उर्जा उत्पादनमा अधिकतम उपयोग गर्न नसकिदा हालका दिनमा विद्युत प्रसारण  लाइन पुगेका क्षेत्रले समेत लामो अवधिको लोडसेडिङ्ग बेहोर्नु परिरहेको छ  भने राष्ट्रिय विद्युत प्रसारण लाइन नपुगेका क्षेत्रहरुमा केन्द्रिय प्रणालीबाट विद्युत सेवा विस्तार गर्न सकिने सम्भावना ज्यादै न्यून देखिन्छ ।

नेपाल अधिराज्य भरका विभिन्न साना ठूला खोला तथा नदीका किनारमा करिब २५ हजार जति पानी घट्टहरु परम्परागत रुपमा स्थापना भई ग्रामिण परिवेशमा अन्न पिसानीको सेवा दिई आएको अनुमान गरीन्छ । यस्ता घट्टहरुबाट परम्परागत सामान्य पेशालाई निरन्तरता दिनु बाहेक ग्रामिण समुदायको उर्जा आवश्यकताको परिपूर्ति र घट्टको स्तरोन्नती तथा उच्चतम उपयोगबाट उत्पादन हुन सक्ने विद्युतको माध्यमबाट ग्रामिण भेगमा अन्य लघु उद्यमहरुको प्रवर्धन, रोजगारी सिर्जना र आय वृद्धि हुन सकेको देखिदैन । यसै तथ्यलाई दृष्टिगत गरी एस.एन.भि. नेपाल र जि.आई.जेड-इनडेभको आर्थिक तथा प्राविधिक सहयोगमा विद्यामान परम्परागत घट्टको स्तरन्नोति गरी त्यस्ता घट्टबाट समुदाय स्तरमा १–५ कि.वाट विद्युत उत्पादन गर्ने र उत्पादित विद्युत उपयोगबाट ग्रामिण भेगमा लघु उधम/व्यवसायहरुको प्रवर्धन र विस्तारको सम्भावनालाई मूर्तरुप दिन परिक्षणको रुपमा “लघु उद्यम विकासका लागि सुधारिएको पानीघट्ट सहित ग्रामिण स्तरमा सामुदायीक विद्युतिकरण कार्यक्रम” ग्रामिण प्रविधि केन्द्र, नेपाल मार्फत संचालनको थालनी भएको छ । यो परिक्षण कार्यक्रम परम्परागत रुपमा स्थापना भएका घट्टहरु मध्ये विद्युतिकरण र लघुव्यावसाय प्रवर्धन गर्न सकिने संभावनाका आधारमा काभ्रे जिल्लामा संचालन गरीने छ र परिक्षणबाट सकारात्मक नतिजा प्राप्त भएमा अन्य जिल्लामा समेत यो कार्यक्रम बिस्तार गरीने लक्ष्य रहेको छ ।

## कार्यक्रमका उद्देश्यहरु

यस परिक्षण कार्यक्रमको मुख्य उद्देश्य सुधारिएको घट्टको माध्यमबाट विद्युतिकरण क्षेत्रको विकासमा सहयोग पुर्‍याउनु रहेको छ भने विशेष उद्देश्यहरु निम्नानुसार रहेका छन् ।

क) खोजमुलक कार्यका आधारमा ग्रामिण क्षेत्रका लागि लघुउद्यम/व्यवसायहरुका उपयुक्त नमुना, विद्युत शुल्क संरचना, स्वामीत्व र लगानीको व्यावस्थापन सहित सुधारिएको घट्ट विद्युतिकरण योजना विकासका सम्भावना पहिचान गर्नु ।

ख) बजार मुखि अबधारणा अनुरुप सुधारिएको घट्ट विद्युतिकरण कार्यक्रमबाट उत्पादित विद्युत उपयोग गरी कार्यस्थलमा उत्पादनमुलक लघु व्यावसायको शुरुवात गराउनु ।

ग) सुधारिएको घट्ट विद्युतिकरण कार्यक्रमको विस्तार र अनुदान व्यावस्थापनका लागि जिम्मेवारी प्राप्त जिल्ला विकास समितिको आवश्यकता र क्षमता पहिचान गरी कार्यक्षमतामा थप अभिवृद्धि गर्नु ।

घ) परिक्षण कार्यक्रम संचालन गर्दा प्राप्त हुने ज्ञान र अनुभव संकलन गरी भाबि दिनमा विस्तार गरीने कार्यक्रमको प्रस्ताव तयारीमा उपयोग गर्नु ।

## परिक्षण कार्यक्रमबाट अपेक्षित नतिजा

क) सुधारिएको पानी घट्ट विद्युतिकरण योजना र यसबाट उत्पादित विद्युत उपयोग व्यावसायीक नमूनाको रुपमा प्रमाणीत हुनेछ । साथै संचालित व्यवसायहरु कर्जा प्राप्त गर्न नमुना योग्य हुने र भावी दिनमा यस्तो कार्यक्रम विस्तारको सम्भावनालाई ठोस आधार दिनेछ ।

ख) स्थापना गरिने ४ वटा सुधारिएको घट्ट विद्युतिकरण परियोजनाले ग्रामिण क्षेत्रका १०० घरमा बत्ति बाल्नका लागी विद्युत सेवा प्रदान गर्नेछन र २ वटा लघु उद्यमीले उत्पादीत बिजुली आफ्नो आय आर्जन हुने लघु व्यवसायमा उपयोग गरेका हुनेछन् ।

ग) सुधारिएको पानी घट्ट विद्युतिकरण कार्यक्रमको विकास र यसलाई आवश्यक पर्ने अनुदान रकम व्यावस्थापन गर्न जिल्ला विकास समितीको क्षमता अभिवृद्धि हुनेछ ।

## कार्यक्रम संचालन हुने जिल्ला

कार्यक्रम संचालनका दौरान नियमित अनुगमन गर्न सकिने, परम्परागत रुपमा पानी घट्ट स्थापना भई संचालनमा रहेका, पानी घट्ट निर्माण र संचालनका लागि सेवा प्रदायक संस्थाको उपलब्धता तथा पानीघट्टबाट विद्युत उत्पादन गरी उत्पादित बिजुलीलाई व्यावसायीक उपयोगमा ल्याउन सकिने सम्भावनालाई हेरी काभ्रे जिल्लालाई परिक्षण कार्यक्रम संचालन गर्ने जिल्लाको रुपमा छनौट गरीएको छ ।

## परिक्षण कार्यक्रमले समेट्ने पक्षहरु

यस कार्यक्रमले मुख्यतय निम्न पक्षहरु समेट्ने छ ।

क) मुख्य सरोकारवालाहरुको सहभागितामा कार्यक्रम संचालन योजना तर्जुमा गर्ने ।

ख) परिक्षण कार्यक्रमका लागि उपयुक्त क्षेत्र छनैट गर्ने, बजार सम्भावना र लगानीको प्रतिवद्धताको आधारमा ग्रामिण लघु उद्यम व्यवसाय पहिचान गर्ने ।

ग) घरायसी प्रयोग र आय आर्जन गर्ने व्यवसायमा उपयोग हुने विद्युतको वैज्ञानिक आधारमा शुल्क संरचना तयार गर्ने र नियमित आय नहुदाँको अवस्थामा विद्युत उपयोगकर्ताले शुल्क बुझाउन कठिन नहुने गरी उपयुक्त शुल्क भूक्तानीको नविन पद्धति तयार गर्ने ।

घ) विद्युत सेवा प्राप्त गर्ने घरको सख्या बृद्धि गरी हरेक घर वा लघु व्यवसायमा विद्युतिय उपकरण जडान गर्ने ।

घ) विद्युत सेबा उपयोग गरी संचालनमा रहेका लघु उद्यम/व्यवसायको प्रभाबकारिता बारे पुष्टयाई गरी बित्तिय संस्थाबाट कर्जा लिन सहयोग पुरयाउने र कर्जा प्रबाहलाई निरन्तरता दिने व्यबस्था मिलाई मोडल व्यवसाय बिकास गर्ने ।

## कार्यक्रम संचालन विधि तथा पद्धति

परिक्षण कार्यक्रम संचालनका लागि निम्न विधि तथा पद्धति अवलम्बन गरीनेछ ।

### १. विद्युत उत्पादनका लागि संभाब्य स्थान छनौट तथा उपकरण जडान

क) ग्रामिण प्रविधि केन्द्रले स्थानीय घट्ट घनी संघको सहयोगमा सुधारिएको घट्ट स्थापना र विद्युतिकरण गर्ने ४ वटा सम्भाब्य स्थान छनौट गर्नेछ ।

ख) छनौट हुने ४ मध्ये २ वटा स्थानीय लामो मदानी (Long Shaft) भएको र २ वटा परम्परागत पानी घट्ट छनौट गरीनेछ ।

ग) माथिका २ वर्ग मध्ये पनि प्रत्यकेबाट एक एक व्यक्तिगत स्वामित्वमा र एक एक सामुदायीक स्वामित्व भएका पानी घट्ट छनौट गरीने छ ।

घ) सामुदायीक स्वामित्व भएको घट्टको हकमा स्थानीय घट्ट घनी संघले उत्पादन हुने विद्युत उपयोग गर्ने उपभोक्ता समावेश गरी सामुदायीक संगठन निर्माण गर्नु पर्नेछ ।

ङ) सूचिकृत कम्पनी मध्येबाट ग्रामिण प्रविधि केन्द्रले छनौट गरीएका स्थानको विस्तृत सम्भाव्यता अध्ययन र विस्तृत सम्भाव्यता प्रतिवेदन तयार गर्न परामर्सदाता कम्पनी नियुक्त गर्नेछ ।

च) विस्तृत सम्भाव्यता प्रतिवेदनको आधारमा सुधारिएको घट्ट स्थापना गर्न कोटेशन आह्वान गरी ग्रामिण प्रविधि केन्द्रले उपयुक्त कम्पनी मार्फत सुधारिएको घट्ट तथा विद्युतिकरण उपकरण जडान गर्न लगाउने छ ।

छ) बत्ति बाल्नका लागि प्रत्येक घरले १०० वाट भन्दा बढी बिजुली उपयोग गर्न नसक्ने गरी प्रत्येक घरमा एउटा ०.५ एम्पिएर क्षमताको एम.सि. बि जडान गरीने छ ।

### २. सुधारिएको पानीघट्ट विद्युतिकरण योजनाबाट उत्पादित बिजुलीको उत्पादनमुलक कार्यमा उपयोग

विद्युतिकरण कार्यबाट उत्पादित बिजुलीको प्रयोग केवल बत्ति बाल्नका लागि मात्र प्रयोग भएमा त्यसबाट आउने महशुलले मात्र कार्यक्रम दिगो तथा भरपर्दो नहुने र उपभोक्ताको जिवनस्तरमा पनि खासै सुधार नदेखिने हुँदा कृषिजन्य वस्तु प्रसोधन,कुखुरा पालन,ब्याट्रि चार्जिङ र खुद्रा पसल जस्ता आयमुलक व्यवसायका लागि पनि विद्युत उपयोग गर्ने व्यवस्था मिलाई ग्रामिण जनताको समयको बचतमा टेवा पुर्‍याउने, कठीन श्रमको अवस्थालाई कम गर्ने र आय वृद्धिका कार्यमा सहयोग पुर्‍याइने छ । लघु व्यवसाय संचालनका लागि जडान गर्नुपर्ने मेसिन/उपकरण खरिदका लागि ग्रामिण प्रविध केन्द्र र स्थानीय घट्ट घनी संघले सहजिकरण तथा सहयोग गर्ने छ ।

### ३. विद्युत महशुलबाट हुने आम्दानीको विश्लेषण र यसलाई संस्थागत रुप प्रदान

सुधारिएको घट्ट विद्युतिकरण योजनाबाट उत्पादित बिजुली बत्ति बाल्न र आय आर्जन हुने व्यवसायमा उपयोग हुने र त्यसबाट निर्धारित दरमा महशुल वापतको रकम आम्दानी हुनेछ । भएको आम्दानीबाट योजना संचालन र मर्मत सम्भारको कार्यमा लगाईने छ । सम्पूर्ण

आम्दानीको रेकर्ड नेपाल सरकारले तोकेको मापदण्ड अनुसारको लेखा पद्धतिमा अभिलेख गर्ने व्यवस्था गरीने र त्यसका लागि समुदायको एक व्यक्तिलाई तालिम दिई लेखा राख्न लगाईने छ। खर्च, आम्दानीको वार्षिक रुपमा लेखा परिक्षण गर्नुपर्ने व्यवस्था गरीने छ । यसले विद्युतिकरण कार्यक्रमबाट भएको आम्दानीको दुरुपयोगमा रोक लगाई समुदायमा आपसी विश्वास र समन्वय कायम गर्न सहयोग पुग्नेछ ।

### ४. आम्दानीको स्वरुप हेरी विद्युत वितरण र महशुल निर्धारण पद्धति स्थापना

उत्पादित विजुली घरायशी प्रयोग र सामुदायीक व्यवसायको अलावा व्यक्तिगत तबरका आय आर्जन गर्ने लघु व्यवसाय पनि प्रयोग हुन्छ र त्यसबाट तोकिए अनुसार महशुल वापतको आम्दानी हुन्छ । व्यक्तिगत व्यवसायमा उपभोग हुने विजुली वितरणका लागि ठुलो क्षमताको छुट्टै एम.सि.बि प्रदान गरिनेछ। बत्ति बाल्नको लागि उपभोग गरेको विजुलीको महशुल भन्दा व्यक्तिगत व्यवसायमा उपयोग हुने विजुलीको महशुल केही बढी हुने गरी निर्धारण गरिनेछ ।

### ५. सञ्चालन गरिने ४ सुधारिएको पानीघट्ट विद्युतीकरण योजनालाई छुट्टाछुट्टै व्यवसायीक परियोजनाको रुपमा तुलना

क) स्तरोन्नती गरीने पहिलो योजना स्थानीय लामो मदानी भएको, व्यक्तिगत रुपमा सञ्चालन भएको र शुद्ध व्यापारिक ध्येयको हुनेछ। यसले उत्पादित बिजुली समुदायका व्यक्तिको घरायशी प्रयोग र व्यक्ति विशेषको आय आर्जन हुने व्यवसायलाई प्रदान गर्नेछ र प्राप्त शुल्क घट्ट धनीले नै उपयोग गर्न सक्दछ ।

ख) स्तरोन्नती गरीने दोस्रो योजना परम्परागत पानीघट्ट हुनेछ। यसको सुधार र जडानमा लाग्ने खर्च सामान्यत केही बढी हुनेछ। पहिलो जस्तै यसबाट हुने आम्दानी पनि व्यक्तिगत घट्टघनीले उपभोग गर्न पाउनेछ ।

ग) तेस्रो योजना अन्तर्गत समुदायद्धारा सञ्चालित लामो मदानी प्रयोग भएको घट्टलाई स्तरोन्नती गरीनेछ। यस योजनाको लागि लाग्ने सञ्चालन खर्च समुदायले बेहोर्ने र आम्दानी पनि समुदायले भाग लगाई लिन सक्नेछ ।

घ) समुदायबाट सञ्चालित परम्परागत पानीघट्टको स्तरोन्नति चौथो योजना अन्तर्गत राखिएको छ। विद्युतीकरण परियोजना सञ्चालनमा लाग्ने खर्च समुदायका संलग्न व्यक्तिले बेहोर्ने र आम्दानी पनि समुदायका व्यक्तिले भाग लगाई लिन पाउने छन ।

### ६. सञ्चालित योजनाहरुको अनुगमन र मुल्याक्तन

वैकल्पिक उर्जा प्रवर्धन केन्द्र, एस.एन.भी नेपाल र ग्रामीण प्रविधि केन्द्रका प्रतिनिधिहरुबाट संयुक्त रुपमा संञ्चालित प्रत्येक क्रियाकलापहरुको अनुगमन गरीनेछ। विस्तृत सम्भाव्यता अध्ययनको अनुगमन स्थानीय सहजकर्ता र घट्ट घनी संघबाट हुनेछ र यसले जडानको कार्यमा समेत निरिक्षण अनुगमन गर्नेछ। कार्यक्रम संयोजकले कार्यक्रमको समग्र क्रियाकलाप र मासिक रुपमा प्रगतिको अध्ययन गर्नेछ। ग्रामीण प्रविधि केन्द्रबाट खटिने टिम लिडर, व्यवसाय विकास अधिकृत, एस.एन.भी नेपाल र वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रका सरोकारवाला प्रतिनिधिले मासिक रुपमा प्रगतीको अनुगमन गर्ने व्यवस्था मिलाइनेछ। केन्द्र तथा जिल्लास्तरमा समिक्षा गोष्ठि सञ्चालन गरी कार्य प्रगतीको स्तर मापन गरीने कार्यक्रम रहेको छ ।

### ७. कार्यक्रमको संगठनात्मक स्वरुप

कार्यक्रम संचालनका लागि केन्द्रिय स्तरमा अनुगमन इकाइ र जिल्ला स्तरमा प्राबिधिक समुह र एक साझेदारी संस्था हुनेछ । कार्यक्रम संयोजकले जिल्ला स्तरमा कार्यक्रमको समन्वय र निरिक्षण गर्ने छ र २ जना सहजकर्ताले कार्यक्रम स्थलमा जडानको कार्य गर्नेछन । स्थानिय घट्ट घनी संघले जडान गर्ने कम्पनी, उपभोक्ता र जिल्ला विकास समितिमा समन्वय गर्न एकजना समाज परिचालक खटाउने छ । केन्द्रिय स्तरमा सुपरिबेक्षक, टिम लिडर, व्यबसाय प्रबर्धन अधिकृत र लेखा प्रशासन अधिकृत सहितको टोली निर्माण गरीएको छ। संगठनात्मक स्वरुप तल दिइएको छ ।

**संगठनात्मक संरचना**




## ८. संचालन गरिने कृयाकलापहरू

क) कार्यक्रम थालनि संबन्धि सेमिनारको आयोजना

कार्यक्रमको अवधारणा, उद्देश्य, कार्यक्रम संचालन विधि, कार्यक्रमको मोडल र प्रस्तावित कृयाकलापको बारेमा सरोकारवला ब्यक्ति, सरकारी निकाय र उपभोक्तासंग बिचार आदन प्रदान गर्न एक सेमिनारको आयोजना गरीने छ ।

ख) सुधारिएको पानीघट्ट विद्युतीकरणमा संलग्न ब्यक्ति/समुहको सुधारिएको पानीघट्ट संबन्धि आबश्यक ज्ञान र क्षमता पहिचान ।

सुधारिएको पानीघट्ट धनी, सम्भाब्य ग्रामीण उद्यमि र जिल्ला विकास समिति यस कार्यक्रमका मुख्य सरोकार निकाय हुनेछन्। उनिहरुको सुधारिएको पानीघट्ट सम्वन्धि ज्ञान र क्षमता पहिचान गर्दा वास्तविक अवस्थाको चित्रण हुने र कार्यक्रम संचालनमा सहयोग हुनेछ। जिल्ला स्तरमा अन्तरकृया गर्दा सरोकारवालाको क्षमता पहिचान र विश्लेषण गर्न सजिलो हुन्छ। अत सुधारिएको पानीघट्ट धनी , सम्भाव्य ग्रामीण उद्यमिहरु, जिल्ला स्तरका लधु उद्यमि र अन्य सम्वन्धित ब्यक्तिको संलग्नतामा अन्तरकृया गरी सुधारिएको पानीघट्ट विद्युतीकरण परियोजना विकासका लागि आवश्यकता पहिचान गरीने छ ।

ग) सुधारिएको पानीघट्ट विद्युतीकरण परियोजनाको बिस्तत परियोजना प्रतिबेदन तयारी र उत्पदनमुलक कार्यमा बिजुलि प्रयोग सम्वन्धि आधारभुत तथ्याङक संकलन ।

एस.एन.भी नेपालको सहयोगमा सन २०१२ मा ग्रामिण प्रबिधि केन्द्रले तयार गरेको आधारभुत प्रारम्भिक सर्वेक्षणको आधारमा विभिन्न सुधारिएको पानीघट्ट विद्युतीकरण परियोजना स्थलको पहिचान भएको छ। तिनीहरु मध्ये १० वटा अति सम्भाव्य स्थान छनौट गरी सुचिकृत कम्पनी मार्फत विस्तृत अध्ययन गरिने छ। परामर्शदाता कम्पनीको विस्तृत परियोजना प्रतिवेदनको आधारमा ४ वटा स्थान परिक्षणका लागि छनौट गरीने छ। उत्पादनमूलक विद्युत उपयोग सम्बन्धि आधारभूत अध्ययन छुट्टै परामर्शदाताबाट गरीने छ ।

घ) सुचिकृत कम्पनी छनौट र चारवटौ सुधारिएको पानीघट्ट विद्युतिकरण योजनाका उपकरण जडान

विस्तृत सम्भाव्यता अध्ययन र विस्तृत परियोजना प्रतिवेदन तयारी पछि समूदाय वा पानीघट्टधनीहरुले सुचिकृत मध्येबाट उपकरण जडानका लागि कम्पनी छनौट गर्नेछन् । ग्रामीण प्रविधि केन्द्र र स्थानीय घनी संघले छनौटमा सहयोग गर्नेछन् । सुचिकृत जडान कम्पनीले पानीघट्ट सहित अन्य मेसिनहरु निर्माण गर्ने, जोड्ने, ढुवानी गर्ने र विद्युतीय उपकरण जडान गरी परिक्षण समेतको कार्यको जिम्मेवारी लिनुपर्नेछ । साथै संचालकहरुलाई आधारभूत संचालन र मर्मत सम्बन्धि तालिम दिनु पर्नेछ । सुचिकृत कम्पनी छनौट पछि यस्ता कम्पनीसँग समूदाय/घट्टधनीहरुले सम्झौता गरी निर्माण जडानको कर्य गर्न लगाउनु पर्नेछ । कम्पनीले त्यसपछि उपकरण निर्माण, जडान गरी तोकिए अनुसारको विद्युत शक्ति उत्पादन गर्नु पर्नेछ ।

च) जिल्ला विकास समितिबाट सरलीकृत अनुदान व्यवस्था तयारी

नेपाल सरकारको अनुदान वितरण व्यवस्था २०१३ अनुसार सुधारिएको पानीघट्ट विद्युतिकरण योजनालाई जिल्ला विकास समिति मार्फत अनुदान दिइने छ । यस विषय जि.वि.स. का लागि नयाँ भएको र अनुदान वितरण सम्बन्धि पूर्ण जानकारी नभएका कारण द्वैविधा र ढिलो हुन सक्छ । अत सम्भाव्य कठीनाई कम गर्न जि.वि.स.का प्रतिनिधि र सुधारिएको पानीघट्ट सम्बन्धि सरोकारवाला व्यक्ति समावेश गरी एक छलफल कार्यक्रमको आयोजना गरीनेछ र वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रले सुधारिएको पानीघट्ट विद्युतिकरण योजनालाई जि.वि.स मार्फत सरल तरिकाले अनुदान उपलब्ध हुने योजना तयार गर्नेछ ।

छ) सुधारिएको पानीघट्ट परियोजना विकासमा वित्तिय सेवा पहुँचका लागि नमुना व्यवसायको तयारी र विकास

सुधारिएको पानीघट्ट विद्युतिकरण योजनाका लागि समुदायले कुल लागतको करिब ६० प्रतिशत आफ्नो स्रोतबाट लगाएका हुन्छन् । व्यवसायको उपयुक्त नमुनाको कमीका कारण वित्तिय संस्थाहरुबाट यस्ता परियोजनामा कर्जा लगानी हुन सकेको छैन । परियोजना अवधि भरका लागि एक व्यवसाय विकास अधिकृत नियुक्ती गरी स्थापना भएका सुधारिएको पानीघट्ट विद्युतिकरण योजनाको अध्ययन, व्यवसायबाट हुने आम्दानीको स्तर, शुल्क निर्धारण तरिका, वित्तिय कारोवार अभिलेखा, परियोजनाबाट हुने आयको उपयोग आदि विश्लेषण गर्न लगाइने छ । जडान गरीने ४ वटै परियोजनाको अध्ययन, विश्लेषणको आधारमा व्यवसाय विकास अधिकृतले बैकबाट कर्जा लगानी योग्य नमूना व्यवसायको विकास गर्नेछ ।

ज) ग्रामिण उद्यमी र सुधारिएको पानीघट्ट विद्युतिकरण योजना संचालकको क्षमता विकास

सुधारिएको पानीघट्ट विद्युतिकरण योजनाबाट उत्पादीत बिजुलीको उत्पादनमूलक उपयोग सम्बन्धि क्षमता अभिवृद्धिका लागि परियोजना संचालक र ग्रामिण उद्यमीलाई प्राविधिक तालिमको व्यवस्था गरीनेछ । सामान्यतय सुधारिएको पानीघट्टबाट उत्पादन हुने मेकानीकल शक्ति कुटानी, पिसानी र काठ चिरानी जस्ता कार्यमा उपयोग हुने गरेको छ तर सुधारिएको पानीघट्टबाट उत्पादित बिजुली उत्पादनमूलक कार्यमा व्यवहारीक रुपले उपयोग हुन सकेको छैन त्यसैले ग्रामिण उद्यमी र परियोजना संचालकलाई विद्युतिय उपकरण संचालन सम्बन्धि प्राविधिक तालिमको आवश्यकता हुन सक्दछ । यसबाट उत्पादित बिजलीको उपयोग र व्यवसाय बिस्तारमा सहयोग पुग्नेछ । सम्भाव्य उद्यमीको छनौट पछि तालिम कार्यक्रमको आयोजना गरीनेछ ।

झ) जिल्ला बिकास समिति र स्थानिय घट्ट घनी संघको क्षमता बिकास ए.इ.पि.सि/एन.आर.आर.इ.पि.अनुसार सुधारिएको पानीघट्ट विद्युतीकरण परियोजना स्थापना प्रक्रियामा जिल्ला बिकास समितिको महत्वपुण भुमिका रहेको छ । त्यसैले सुधारिएको पानीघट्ट विद्युतीकरण परियोजनाको सर्भे, डिजाइन, स्थापना र मर्मत संभार संवन्धि जि.बि.स.का कर्मचारीलाइ अभिमुखिकरण तालिम प्रदान गरीने छ । यसैप्रकारले स्थानिय घट्ट घनीसंघका समाज परिचालन कार्यमा खटाइने एक जना कर्मचारीलाइ समाज परिचालन संबन्धि क्षमता अभिवृधि तालिम प्रदान गरीने छ ।

## ९. कार्यक्रम सञ्चालन अवधीमा भएका ज्ञान र अनुभवको अभिलेख

सुधारिएको पानीघट्ट विद्युतीकरण क्षेत्रमा यस किसिमको प्रयोग पहिलो हो र यसमा नमुनामुलक व्यवसाय विकास, वैज्ञानिक महशुल निर्धारण प्रक्रिया अवलम्वन, व्यवसायको बजार सम्बन्ध विकास जस्ता विषयलाई परिक्षणको रुपमा कार्यान्वयन गरीनेछ । यस्ता क्रियाकलाप सञ्चालन गर्दा देखिएका, भोगिएका र अनुभव गरिएका विषयलाई अभिलेख र लिपिबद्ध गरीनेछ । साथै विभिन्न गोष्ठि सेमिनारबाट आएका सुझाव, कार्य सम्पन्न प्रतिवेदन, क्षमता पहिचान प्रतिवेदन समेत संलग्न गराई कार्य सम्पन्न प्रतिवेदन तयार गरीनेछ ।

## १० स्रोत साधनको व्यवस्था र कार्यक्रम सञ्चालन

एस.एन.भी नेपाल र जि.आई.जेड-इनडेभको आर्थिक तथा प्राविधिक सहयोगमा यो परिक्षण कार्यक्रम सञ्चालन गरीनेछ । कार्यक्रम सञ्चालनको जिम्मेवारी ग्रामीण प्रविधि केन्द्रले पाएको छ । कार्यक्रम सञ्चालनको समग्र पक्षमा वैकल्पिक उर्जा प्रवर्धन केन्द्रबाट आवश्यक सहयोग, निर्देशन र सुझाव प्रदान गरीनेछ ।

## ११. परिक्षण कार्यक्रम सञ्चालन अवधी

सुधारिएको पानीघट्ट विद्युतीकरण कार्यक्रमको कार्यावधी ६ महिनाको रहनेछ । कार्यक्रम जुलाई २०१३ देखि शुरु भएको छ भने यसको कार्यान्वयन अवधि डिसेम्बर २०१३ मा समाप्त हुनेछ ।


### विस्तृत जानकारीका लागि

**ग्रामीण प्रविधि केन्द्र**
कुमारीपाटी, ललितपुर
पो.ब.नं. ३६२८, काठमाडौं
फोन नं. ०१५००८५३८, ०१५००८५३६, फ्याक्स: ०१५००८५३७
वेभ साइट: www.crtnepal.org

**ग्रामीण प्रविधि केन्द्र**
सम्पर्क कार्यालय, बनेपा, काभ्रे
तथा
घट्टधनी संघ
बनेपा, काभ्रे, फोन नं. ०११६८०४३५